नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.त.वि.शा. ३२८-२०७६/२०७७

चलानी संख्याः ८६

मिति: २०७६/०५/०५

विषयः-वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सातैवटा प्रदेश।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहाँबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको बैठकबाट मिति २०७६/०५/०३ मा निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भै सम्वन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | अध्ययन/तालीम/अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको अवधि/फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Biogas Production , Power Generation and Upgradation for Vehicular Application<br>**Training** | not stated | 14 October 2019- 25 October 2019 | ITEC-CENSE /India | • Should be between age group of 25-45 year.<br>• Working knowledge of English is essential.<br>• Minimum 5 years of work experience is required.<br>• Good Health.<br>• For further details. www.itecgoi.in | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट र सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपयुक्त कर्मचारी मनोनयन गर्ने । |
| २. | " Sustainable Agriculture Strategies for Rural Development"<br>**Training** | not stated | 26 November 2019- 23 December 2019 | ITEC-NIRD/India | • Should be between age group of 25-45 year.<br>• Working knowledge of English is essential.<br>• Minimum 5 years of work experience is required.<br>• Good Health.<br>• For further details. www.itecgoi.in | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपयुक्त कर्मचारी मनोनयन गर्ने । |
| ३. | "Empowerment of women through Enterprises (EWE) "<br>**Training** | not stated | 07 October 2019- 15 November 2019 | ITEC-NIMSME/ India | • Should be between age group of 25-45 year.<br>• Working knowledge of English is essential.<br>• Minimum 5 years of work experience is required. | सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपयुक्त कर्मचारी मनोनयन गर्ने । |

फोनः(+९७७) ०१-४२००३०६ ईमेलः info@mofaga.gov.np , hrd.moga@gmail.com सन्देश सूचना बोर्डः १६१८०१४२००३०१